जि.प्र.का. सप्तरी द.नं. ३१/०४८/०४९ स.नि.वि.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३० अंक ८ २०७७ साल साउन ९ गते शुक्रबार (24 July 2020 Friday) मूल्य रु. ५/-

**Log on :** *rajbirajdainik.com.np*

**२०७५ साल भदौ १ गते लागू भएको देवानी संहितामा रहेका मुख्य व्यवस्थाहरु**

- मासिक बीस हजार रुपैयाँभन्दा बढीमा घर बहालमा दिँदा घर बहालमा लिने दिने व्यक्तिले लिखित सम्झौता गर्नु पर्ने,
- काम लगाउने व्यक्तिले काम गर्ने व्यक्तिलाई कामको अनुपातमा ज्याला दिनु पर्ने,
- पचास हजार रुपैयाँ भन्दा बढी रकम लेनदेन गरी घरसारमा तयार भएको लिखत स्थानीय तहबाट प्रमाणित गराउनु पर्ने,
- धर्मपुत्र धर्मपुत्री राख्दा जिल्ला अदालतबाट प्रमाणीकरण गराउनु पर्ने,
- सार्वजनिक पदाधिकारीले पदीय हैसियतमा नाम र दर्जा खुलाई कुनै लिखतमा हस्ताक्षर गर्नु पर्नेमा सो नगरे पाँचसय रुपैयाँसम्म जरिवाना हुन सक्ने ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

*यस अंक भित्र :* २ पृष्ठमा : वैज्ञानिक वनको अनियमितता ... ३ पृष्ठमा : वर्षाका कारण सात राष्ट्रिय. ३ पृष्ठमा : विश्वमा कोरोना भाइरस...

## सप्तरीमा थप ७ जनामा कोरोना पुष्टि, संक्रमितको संख्या ४ सय ११ पुग्यो

# निषेधाज्ञाले राजविराज सुनसान



निषेधाज्ञा जारि गरेपछि सडकमा मोटरसाइकल गुडाउनेलाई प्रहरीले सोधपुछ गर्दै *तस्बिर : राजविराज दैनिक*

**दैनिक समाचारदाता**
**राजविराज, ८ साउन ।**

बिहीबार सप्तरीमा थप ७ जनामा कोरोना संक्रमणको पुष्टि भएसँगै जिल्लामा कोराना संक्रमितको संख्या ४ सय ११ पुगेको छ ।

बिहीबार जिल्लाको सप्तकोशी नगरपालिकामा ३, बोदेबसाईन नगरपालिकामा २ तथा तिलाठी कोइलाडी गाउँपालिका र महदेवा गाउँपालिकामा १/१ जनालाई कोरोना संक्रमणको पुष्टि भएको स्वास्थ्य कार्यालय सप्तरीले जनाएको छ ।

यस्तै जिल्लामा बिहीबार १८ जना कोरोनाबाट निको भएका छन् । योसँगै जिल्लामा कोरोनाबाट हालसम्म २ सय ९९ जना निको भई घर फर्किसकेको स्वास्थ्य कार्यालय सप्तरीका प्रमुख दुनियालाल यादवले जानकारी दिए ।

समुदायमा कोरोनाको संक्रमण फैलिन सक्ने सम्भावना रहेकोले राजविराज नगरपालिका क्षेत्रमा बिहीबार बिहानैदेखी अनिश्चितकालिन निषेधाज्ञा जारि गरिएको छ ।

दैनिक संक्रमित फेला पर्दै गई कोरोनाको जोखीम समुदायमा फैलिने सम्भवनालाई ध्यानमा राख्दै स्थानिय प्रशासनले राजविराज नगरपालिका क्षेत्रमा अनिश्चितकालिन निषेधाज्ञा जारि गरेपछि नगर क्षेत्रका बजार सुनसान बनेको छ ।

अत्यावश्क काम कामले घर बाहिर निस्किनेलाई प्रहरीले सोधपुछ गरि मात्र हिडहुड गर्न दिइएको छ । औषधी पसल बाहेक अन्य पसलहरु बन्द भएका छन् भने एम्बुलेन्स, सुरक्षाकर्मी र संचारकर्मीको गाडी मात्र सडकमा गुडेको देखिन्छ ।

राजविराज नगरपालिकाका एक जनाको कोरोनाबाट मृत्यु हुनुका साथै दैनिक कोरोना संक्रमित फेला पर्न थालेपछि जिल्ला सुरक्षा समितिले बिहीबारदेखी नगर क्षेत्रमा अनिश्चितकालिन निषेधाज्ञा जारि गरेको हो ।

यसअघि सप्तरीमा बुधबार १४ जनामा कोरोना संक्रमणको पुष्टि भएको थियो । गत बिहीबार राजविराज ६ निवासी ७३ वर्षिय एक व्यवसायीको मृत्यु भएपछि उनको सम्पर्कमा आएका १३ जनामा बुधबार कोरोना पुष्टि भएको हो । मृत्यु भएका व्यावसायीका परिवारलगायत उनको सम्पर्कमा आएका २२ जनामा हालसम्म कोरोना संक्रमणको पुष्टि भएको राजविराजस्थित गजेन्द्र नारायण सिंह अस्पतालका प्रमुख डा. रन्जित झाले जानकारी दिए ।

# सशस्त्र प्रहरी जवानको हत्यामा संलग्न तीन पक्राउ



सशस्त्र प्रहरी जवानको हत्यामा संलग्न रहेको आरोपमा पक्राउ परेकाहरु ।
*तस्बिर : प्रदेश २ प्रहरी कार्यालय जनकपुर*

**दैनिक समाचारदाता**
**सिरहा, ८ साउन ।**

सिरहा नगरपालिका १७ स्थित सशस्त्र प्रहरी नेपाल बोर्डर आउट पोष्ट माडर सिरहामा कार्यरत सशस्त्र प्रहरी जवान मनोहर कुमार यादवको हत्यामा संलग्न रहेको आरोपमा प्रहरीले तीन जनालाई पक्राउ गरेको छ ।

महोत्तरीको सोनमा गाउँपालिका ३ निवासी सशस्त्र प्रहरी जवान यादवको शव गत असार १६ गते सिरहा नगरपालिका १४ खिरौनास्थित रहेको नहरको पानीमा फेला परेको थियो ।

घटना बारे प्रहरीले अनुसन्धान गर्दै जाँदा उक्त घटनामा संलग्न सिरहा नगरपालिका ३ मखनाहा टोल निवासी २५ वर्षिय जयकेश कुमार यादव, २० वर्षिय मंगला भन्ने दिपेश कुमार यादव र २२ वर्षिय बुलना भन्ने मुकेश कुमार

*बाँकी अन्तिम पृष्ठमा*




देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनुका साथै स्वदेश भित्र जुनसुकै ठाउँमा रकम पठाउनका लागि सम्झनुहोस् । हाम्रो सेवाहरु →

**जनज्योति कृषि सहकारी संस्था लि.**
राजविराज ९, मलेठ, सप्तरी
मोबाइल नं. ९८०१५४९६०१, ६०२, ६०३, ६०४

ipay remit, WESTERN UNION MONEY TRANSFER, Best Remit, PRABHU Money Transfer, CITY EXPRESS, IME International Money Express, IME pay, himal remit हिमालरेमिट, CG Money, MoneyGram money transfer

## सम्पादकीय

## बालबालिकाप्रति अभिभावकहरु ध्यान दिऔं

सप्तरी लगायत मुलुकभरीका बालबालिकाहरु अहिले विद्यालय जान पाएका छैनन् । कोरोना महामारीका कारण विगत चार महिना बढी समयदेखी उनीहरु घर भित्रै छन् । यसरी घर भित्र रहने बालबालिकाप्रति अभिभावकहरु जिम्मेवार रुपमा प्रस्तुत हुनु आवश्यक छ । पढाई नभएको समयमा उनीहरु लागूऔषधतर्फ आकर्षित त भइरहेका छैनन् ! यसप्रति विशेष सहकर्ता अपनाउनु आवश्यक छ खासगरी कलिला उमेरका नाबालक र बालबालिकाहरु यसप्रति आकर्षित हुँदै गएको पाइन्छ ।

चुरोट, रक्सी, गाँजाबाहेक इन्जेक्शन लिने क्रम पनि बढ्दै गएको छ । यता सप्तरीमा लागूऔषध सेवन गर्नेहरुको संख्या दिनप्रतिदिन बढ्दै गएको छ भने ग्रामिण भेगहरुमा पनि यसतर्फ बालबालिका तथा युवा उमेर समूहका व्यक्तिहरु प्रयोग गर्न अगाडि बढ्दै गएका छन् । कम उमेरमै चुरोट, सुर्ती, भाँगसहित विभिन्न किसिमको नशा प्रयोग गर्नेको संख्यामा बृद्धि हुँदै जाँदा बालबालिकाहरु पनि लुकीछिपी लागूऔषध प्रयोग गरिरहेका छन् । यसतर्फ अभिभावकहरुले खासै ध्यान दिन सकिरहेका छैनन् ।

तसर्थ अभिभावकहरु विद्यालय नखुलेको अवस्थामा आफ्ना बालबालिकाहरुलाई यस्ता कुलतबाट जोगाउन विशेष ध्यान दिनुपर्ने र उनीहरुलाई कुनै पनि बहानामा घरमै पढ्ने वातावरण सृजना गर्नु पनि उत्तिकै आवश्यक छ ।

पुरानो रोगको उपचारका लागि सम्पर्क गरौं ।
होमियोप्याथिक रिसर्च इन्स्टिच्युट
डा. सुशील मोहन दास
(बी.एच.एम.एस)
सिरहा रोड, राजविराज फोन : ०३१-५२१९६८

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ
गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. दिनेश उप्रेती
Dr. Dinesh Upreti
MBBS, MD Internal Medicine (BPKIHS, Dharan), NMC Reg. No. : 13141
कन्सलटेन्ट फिजिसियन
गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. पारसमणि शाह
Dr. Parasmani Shah
MBBS (BPKIHS), MD (BPKIHS, Dharan)
NMC Reg. No. : 13297
दुखाई विशेषज्ञ
Anaesthesiology & Critical Care Medicine
गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

# वैज्ञानिक वनको अनियमितता सम्बन्धमा तीन समिति छानबिन गर्दै

काठमाडौं, ८ साउन (रासस) ।

सरकारले वैज्ञानिक वनलगायत वन व्यवस्थापनका नाममा देशका विभिन्न ठाउँमा अनियमित तरिकाले काठ कटान भएको भन्दै समिति बनाएर छानबिन अगाडि बढाएसँगै संसद्का अन्य दुई समितिले पनि सो सम्बन्धमा छानविन थालेका छन् ।

नेपाल सरकारले वैज्ञानिक वन व्यवस्थापनका नाममा अनियमित तरिकाले काठ कटान भएको भन्दै गत जेठ १५ गते मन्त्रिपरिषद्को निर्णयमार्फत रुख कटान सङ्कलन ढुवानी र ओसारपसारमा तत्काल प्रतिबन्ध लगाउने निर्णय गरेको थियो । उक्त निर्णयले काठको उत्पादनमा परेको असरबारे सरोकारवाला सङ्घ संस्थाहरूले त्यसमा पुनःविचार गर्न सरकारलाई अनुरोध गरेका थिए । त्यसपछि सरकारले जेठ २८ गते सालबाहेकका अन्य प्रजाति काठको सङ्कलन ढुवानी खुलाउने निर्णय गर्दै डा नेत्रप्रसाद तिम्सिनाको संयोजकत्वमा पाँच सदस्यीय उच्चस्तरीय छानबिन समिति गठन गऱ्यो । समितिको सदस्यमा डा अखिलेश्वरलाल कर्ण, रेणु शाह र कान्ति राजभण्डारी हुनुहुन्छ भने वन तथा वातावरण मन्त्रालयका सहसचिव डा सिन्धुप्रसाद ढुङ्गाना सदस्य सचिवका रूपमा रहनुभएको छ ।

समितिले सङ्घीय सरकारका सरोकारवाला अधिकारीसँग वैज्ञानिक वन व्यवस्थापन कार्यक्रम र वन संरक्षणको नीतिगत तथा कार्यान्वयन पक्षका बारेमा छलफल सम्पन्न गरी अर्को हप्ताबाट स्थलगत अध्ययनमा जाने संयोजक तिम्सिनाले बताउनुभयो । समितिलाई वन विनाशका बारेमा अध्ययन गरी कारवाहीको सिफारिस र वन संरक्षणका लागि आवश्यक सुझावसहित प्रतिवेदन बुझाउनका लागि दुई महिनाको कार्यादेश दिइएको छ ।

वैज्ञानिक वन व्यवस्थापनका नाममा अनियमितरूपमा काठ कटान भइरहेको सम्बन्धमा विभिन्न सञ्चारमाध्यममा नियमितरूपमा समाचार आउन थालेपछि र उजुरी परेपछि संसदीय समितिहरूले पनि आवश्यक चासो लिई उपसमिति नै गठन गरेर छानबिन अगाडि बढाएका छन् । प्रतिनिधि सभाअन्तर्गतको सार्वजनिक लेखा समितिको गत असार ५ गतेको बैठकले नेपालमा वैज्ञानिक वन व्यवस्थापन कार्यक्रमको सम्बन्धमा वन मन्त्रालयका सचिवसँग छलफल गरी वैज्ञानिक वनको हालको अवस्था, वन फँडानी तीव्र हुनुको कारण, यसको प्रभाव र असरबारे छलफल गरेको थियो ।

बैठकले वैज्ञानिक वन व्यवस्थापन कार्यक्रमको सम्बन्धमा विस्तृत अध्ययन गरी समितिमा प्रतिवेदन पेश गर्न सांसद प्रदीप यादवको संयोजकत्वमा सांसदहरू प्रेमबहादुर आले र मीना सुब्बा रहेको उपसमिति गठन गरेको थियो । बैठकले नेपालमा वैज्ञानिक वन व्यवस्थापन कार्यक्रम सञ्चालन भएपश्चात् हालसम्म भएका उपलब्धि, सरोकारवाला नागरिकलाई पुगेको फाइदा/बेफाइदा, आगामी योजना र यसको वर्तमान अवस्थाको सम्बन्धमा अध्ययन गर्ने, सो सम्बन्धमा सरोकारवालासँग छलफल र आवश्यक कागजात झिकाई अध्ययन गर्ने, सार्वजनिक लेखा समितिको आन्तरिक कार्यविधिअनुसार काम कारवाही गर्ने, उपसमितिले कार्य प्रारम्भ गरेको मितिदेखि एक महिना (३० दिन) भित्र समितिमा प्रतिवेदन पेश गर्ने कार्यक्षेत्र र शर्तहरू निर्धारण गरिएको थियो ।

सो उपसमितिले कञ्चनपुर, कैलाली, बाँके, बर्दिया, कपिलवस्तु, नवलपरासीलगायतका जिल्लामा अनुगमन गरिसकेको र उसमितिको म्याद थप भएसँगै पूर्वतिर अनुगमन गर्ने सांसद आलेले जानकारी दिनुभयो । अनुगमनका क्रममा वैज्ञानिक वन व्यवस्थापनका नाममा व्यापकरूपमा वन फँडानी भइरहेको बताउँदै उहाँले स्थानीय वन उपभोक्ता समिति, सरकारी कर्मचारीसँगै प्रदेशका वनमन्त्री समेतको मिलेमतोमा कीर्ते काम गरी व्यापकरूपमा वन फँडानी र वन क्षेत्र अतिक्रमणसमेत भइरहेको आरोप लगाउनुभयो । उपसमितिले कैलाली र कञ्चनपुरका डिभिजन कार्यालयले आवश्यक कागजात उपलब्ध गराउन आनाकानी गरेको र १० दिन हुँदासमेत अहिलेसम्म नदिएको उहाँले बताउनुभयो ।

यसैगरी प्रतिनिधिसभाको कृषि तथा प्राकृतिक स्रोत समितिको गत असार १० गतेको बैठकले वैज्ञानिक वन व्यवस्थापनका नाममा बाँके, बर्दिया, कैलाली, कञ्चनपुर र दाङलगायत विभिन्न जिल्लामा वन जङ्गलको व्यापक फँडानी भएको सम्बन्धमा समितिमा उजुरी प्राप्त भएको र समयसमयमा विभिन्न सञ्चारमाध्यममा सोसम्बन्धी समाचार सम्प्रेषण भएकामा समितिको ध्यानाकर्षण भई सो सम्बन्धमा यथाशीघ्र स्थलगत अवलोकन गरी समिति समक्ष एक महिनाभित्र प्रतिवेदन पेश गर्न सांसद शान्ता चौधरीको संयोजकत्वमा सांसद सत्यनारायण शर्मा खनाल र राजबहादुर बुढाक्षेत्री सदस्य रहेको उपसमिति गठन गरिएको थियो ।

उपसमिति संयोजक चौधरीले राससससँग कुरा गर्दै कञ्चनपुर, कैलाली, बाँके, बर्दिया र दाङमा अनुगमन गरिसकेको र अब पूर्वका जिल्लामा अनुगमन गरी समितिमा प्रतिवेदन बुझाउने बताउनुभयो । अनुगमनका क्रममा वैज्ञानिक वनका नाममा अनियमितता देखिएको अवगत गराउँदै कार्यविधिमा समेत केही त्रुटि रहेको बताउनुभयो । अनुगमनका क्रममा गरिएको अध्ययन पश्चात् वैज्ञानिक वन व्यवस्थापनको अवधारणा उपयुक्त भए पनि नेपालको परवेशमा उपयुक्त नभएको टिप्पणी गर्नुभयो ।

सामुदायिक वन उपभोक्ता महासङ्घ, नेपाल (फेकोफन)ले पनि वैज्ञानिक वन व्यवस्थापनका नाममा मुलुकभर सालका रुख कटानमा देखिएको अनियमितताका सम्बन्धमा वन नीति, ऐन र नियमावलीअनुसार सामुदायिक वन उपभोक्ता समूहको स्वायत्त अधिकारमा हस्तक्षेप नगरी छानबिनको माग गरेको छ । फेकोफनका अध्यक्ष भारती पाठकले समस्या नभएका सामुदायिक वनको काठ तत्काल ओसारपसार गरी व्यवस्थापन गर्ने व्यवस्था मिलाउन सरकारसँग माग गर्नुभएको छ ।

सरकारले काठको उत्पादन बढाई विदेशबाट काठको आयात घटाउन र आत्मनिर्भर बनाउन विसं २०७१ मा वैज्ञानिक वन व्यवस्थापन कार्यविधि नै बनाएर वैज्ञानिक वन व्यवस्थापन कार्यक्रम अघि बढाएको थियो । उक्त कार्यक्रमको सैद्धान्तिक पक्ष राम्रो भए पनि कार्यान्वयनमा देखिएका कमजोरीले सम्पूर्ण कार्यक्रममाथि प्रश्न उठेको सरोकारवाला पक्षको भनाइ छ ।

# बन्दाबन्दीमा साढे ३४ हजार नेपाली स्वदेश फर्किए

काठमाडौं, ८ साउन (रासस) ।

कोभिड-१९ का कारण विभिन्न मुलुकमा अलपत्र परेका साढे ३४ हजारभन्दा बढी नेपाली नागरिक स्वदेश फर्केका छन् । गत जेठ २३ गतेदेखि बुधबारसम्म विभिन्न मुलुकबाट उद्धार उडानमार्फत ३४ हजार ६४७ नेपाली स्वदेश फर्किएको कोभिड-१९ सङ्क्रमण व्यवस्थापन केन्द्रले जनाएको छ ।

गत जेठ २३ गते पहिलोपटक उद्धार उडानमार्फत म्यान्माबाट २६ नेपाली स्वदेश फर्किएका थिए । उनीहरूलाई म्यान्माको एयरफोर्स विमानबाट नेपाल फर्काइएको थियो । यस अवधिमा खाडी र मलेशियाबाट सबैभन्दा बढी नेपाली स्वदेश फर्केका छन् । सो अवधिमा संयुक्त अरब इमिरेट्स (युएइ) बाट सबैभन्दा बढी सात हजार ६१७ नेपाली स्वदेश फिरेका केन्द्रको तथ्याङ्कमा उल्लेख छ ।

यस्तै साउदी अरेबियाबाट पाँच हजार ६११, कुवेतबाट पाँच हजार ५४९, मलेशियाबाट पाँच हजार ३३३ र कतारबाट तीन हजार ९४१ नेपाली स्वदेश फर्किएका छन् । कोभिड-१९ का कारण नेपालीका प्रमुख श्रम गन्तव्य मुलुक बढी प्रभावित हुँदा त्यहाँबाट स्वदेश फर्कने नेपालीको सङ्ख्या उच्च देखिएको हो । खाडी मुलुक र मलेशियामा मात्रै झण्डै २० लाख नेपाली कार्यरत रहेको अनौपचारिक तथ्याङ्क छ ।

उद्धार उडानमार्फत बहराइनबाट ९८०, बङ्गलादेशबाट ८४१, जापानबाट ७५६, माल्दिभ्सबाट ७०९, अस्ट्रेलियाबाट ६३४, ओमानबाट ४९२ दक्षिण कोरियाबाट ४७६, अमेरिकाबाट ४२३ र थाइल्याण्डबाट ३२६ नेपाली स्वदेश फर्किएका छन् । सबैभन्दा बढी नेपाली ध्वजाबाहक नेपाल एयरलाइन्सबाट स्वदेश फर्केका छन् ।

यस्तै हिमालयन एयरलाइन्स, जजिरा एयरलाइन्स, कतार एयर, मालिन्दो एयर, एयर अरेबिया, टर्किस एयरलाइन्स, मलेशियन एयर, सिल्क एयर, कोरियन एयरलगायतबाट पनि नेपाली स्वदेश फर्किएका हुन् ।

उद्धार उडानमार्फत स्वदेश आएकालाई विमानस्थलबाट सोझै 'होल्डिङ सेन्टर'मा राखेर सम्बन्धित स्थानीय तहलाई जिम्मा लगाइएको केन्द्रले जनाएको छ । गत जेठ १२ गतेको मन्त्रिपरिषद् बैठकले कोभिड-१९ विश्वव्यापी सङ्क्रमणको कारणबाट उत्पन्न असहज परिस्थितिका कारण स्वदेश आउनै पर्ने अवस्थामा रहेका नेपाली नागरिकलाई स्वदेश आउन सहजीकरण गर्ने निर्णय गरेको थियो । सरकारले आगामी भदौ १ गतेदेखि नियमित हवाई उडान सञ्चालन गर्ने निर्णय गरेको छ । त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल कार्यालयले दैनिक १५ भन्दा बढी उडान गर्ने तयारी थालेको छ ।

# प्राधिकरणबाट सवा तीन अर्ब राजश्व संकलन

वीरगञ्ज, ८ साउन (रासस) ।

नेपाल विद्युत् प्राधिकरण वितरण केन्द्र वीरगञ्जले आर्थिक वर्ष २०७६/७७ मा रु ३४ करोड १७ लाख ७१ हजार ९८३ युनिट विद्युत् बिक्री गरी रु तीन अर्ब २५ करोड २३ लाख ७७ हजार ५२१ राजश्व सङ्कलन गरेको छ । वितरण केन्द्रले गत आवमा कालोसूचीमा रहेका ग्राहकमध्ये ३७ ग्राहकलाई जरिवाना गरी रु १८ लाख ८१ हजार ६४८ उठाएको केन्द्र प्रमुख शम्भु कुसियत यादवले राससलाई बताउनुभयो ।

खम्बामा तार घुसाउने र मिटरबाट विद्युत् चुहावट गर्ने ११० ग्राहकलाई कारवाही गरी रु २५ लाख ९० हजार जरिवानावापत उठाइएको सो कार्यालयले जनाएको छ । सत्चालिस हजार ८२९ उपभोक्ताले विद्युत् प्रयोग गर्दै आएकामा केन्द्र एक हजार २२८ ग्राहकको लाइन काटी रु पाँच करोड ३८ लाख बक्यौता उठाउन सफल भएको छ ।

विद्युत् चुहावटलाई ४ दशमलव ५ प्रतिशतमा झार्ने वार्षिक लक्ष्य रहेकामा कार्यालयले कडाइ गरी अहिले वार्षिक विद्युत् चुहावट ३ दशमलव ८ प्रतिशतमा झारेको छ । केन्द्रले विद्युत् चुहावट रोक्न नियमित छड्के तथा अनुगमन थालेको छ ।

# वर्षाका कारण सात राष्ट्रिय राजमार्गमा असर, चार राजमार्ग ठप्प

काठमाडौँ, ८ साउन (रासस)।

अविरल वर्षासहित बाढीपहिरोका कारण देशभरका सात राष्ट्रिय राजमार्गमा सडक आवागमनमा असर पुगेको छ। तीमध्ये चार राजमार्गमा बढी क्षति पुगेको छ। वर्षा शुरु भएपछि यी सबै राजमार्गमा गरी १०० भन्दा बढी सडक बाढीपहिरोका कारण अवरुद्ध भएकामा अहिलेसम्म कतिपय स्थानमा खुल्न सकेको छैन।

देशव्यापीरूपमा तीन दिनदेखि लगातार वर्षाले विभिन्न राजमार्गमा कटान र पहिरोको कारणबाट यातायात अवरुद्ध हुनपुगेको हो। पहिरो पन्छाएर थुप्रै सडकखण्ड सञ्चालनमा ल्याइए पनि कतिपय स्थानमा तत्काल शुरु गर्न सकिने अवस्था नरहेको सडक विभागका महानिर्देशक केशवकुमार शर्माले बताउनुभयो। विभागले लगातार प्रयास गरिरहे पनि पुल बगाएका र नदीले सडक नै कटान गरेका स्थानमा वर्षा र नदीको बहाव कम नहुँदासम्म सडक सञ्चालन गर्न नसकिने उहाँको भनाइ छ। उहाँले भन्नुभयो, “सम्बन्धित सडक डिभिजन कार्यालयले उपलब्ध उकरणबाट काम गरिहरेका छन्।”

पृथ्वी राजमार्गको जोगिमारा-मावाखोला खण्ड र नारायणघाट-मुग्लिन सडकको कालीखोला खण्डमा यातायात सञ्चालन गर्न अझै केही समय लाग्ने विभागले जनाएको छ। भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयका सचिव देवेन्द्र कार्की, सडक विभागका महानिर्देशक शर्मा, उपमहानिर्देशकलगायतको टोली सडक अनुगमनका लागि बुधबार मौवाखोला पुगेको थियो। उक्त सडकमा रहेको पहिरो खुलाउने काम भइरहेको छ। शुक्रबार साँझसम्म सडक खुलाउने लक्ष्यका साथ काम अघि बढिरहेको उहाँले जानकारी दिनुभयो। उहाँले भन्नुभयो, “कतिपय स्थानमा आंशिकरूपमा मात्रै सञ्चालन गराउने काम भइरहेको छ।”

देशभरका राष्ट्रिय राजमार्गमध्ये सात राजमार्गमा बाढीपहिरोको असर परेको छ। तीमध्ये पनि अरनिको राजमार्ग, बेनी-जोमसोम, साँफेबगर-मार्तडी र बैँसीशहर-चामे सडकमा बढी असार देखिएको विभागले जनाएको छ। यात्रु र सवारीसाधनको चापका हिसाबले पृथ्वी राजमार्ग र अरनिको राजमार्ग अवरुद्ध हुँदा धेरैलाई अप्ठ्यारो परेको छ। एउटै राजमार्गको पनि धेरै ठाउँमा पहिरो देखिएको महानिर्देशक शर्माले बताउनुभयो। अरनिको राजमार्गमा बाह्रबिसेम्म र सीमाबाट भन्सार कार्यालयसम्म खुलिसकेको छ। त्यसको बीचमा झण्डै १७ किमी सडक अवरुद्ध रहेको छ। सोही राजमार्गमा ६० मिटर सडक नै वर्षाले बगाएको छ भने एउटा पुल पनि बगाएको छ। उहाँले भन्नुभयो, “अरनिको राजमार्गमा रहेका अवरोध हटाउने काम भइरहेको छ।”

अहिले पनि अवरुद्ध रहेका राजमार्गमा अवरोध खुलाउनका लागि सम्बन्धित सडक डिभिजन कार्यालय लागिपरेका छन्। कतिपय स्थानमा पुल नै बगाउँदा पनि सडक अवरुद्ध भएको छ। बेनी-जोमसोम सडक र साफेँबगर-मार्तडी सडकमा पनि पुल बगाएको छ। पुल बगाएका स्थानमा सडक सञ्चालन हुन समय लाग्नसक्ने महानिर्देशक शर्माले बताउनुभयो। उहाँले भन्नुभयो, “बेलिब्रिज राखेर सडक सञ्चालन गर्नुपर्ने हुनसक्छ।”

बेनी-जोमसोम सडकमा ८/१० ठाउँमा सडक अवरुद्ध रहेको छ। त्यस्तै निर्माणाधीन कान्ति लोकपथमा पनि विभिन्न स्थानमा पहिरोले रोक्ने र खुलाउने काम भइरहेको छ। कणाली राजमार्गमा सामान्य पहिरो गइरहे पनि सफा गरिएको छ।

विभागअन्तर्गत देशभरमा ३३ सडक डिभिजन कार्यालयले वर्षा हुनुभन्दा पहिलेदेखि नै बाढीपहिरोका कारण सडक अवरुद्ध हुँदा खुलाउन आवश्यक तयारी गरेका थिए। विभागअन्तर्गत विभिन्न स्थानमा रहेका डिभिजनले राष्ट्रिय राजमार्ग खुलाउने गरेका छन्। प्रदेश राजमार्ग र स्थानीय सडक सम्बन्धित निकायले खुलाइरहेको विभागका उपमहानिर्देशक भीमार्जुन अधिकारीले जानकारी दिनुभयो। विभागले वर्षा शुरु हुनुपहिले नै १८० स्थानलाई सम्भावित जोखिमको सडकका रूपमा निर्धारण गरेको थियो। ती स्थानमा पहिले नै उपकरण राखिएको र आवश्यक पर्दा प्रयोग भइरहेको विभागले जनाएको छ। उपमहानिर्देशक अधिकारीले भन्नुभयो, “नियमित वर्षा भइरहँदा काम गर्न नसकिए पनि पानी बन्द हुनासाथ पहिरो हटाएर सडक खुलाइन्छ।”

विभागले सडक अवरुद्ध हुनासाथ सकेसम्म दुईतर्फ नै खुलाउन प्रयास गर्ने महानिर्देशक शर्माले बताउनुभयो। तत्काल दुईतर्फ सञ्चालन गर्न नसकिने स्थानमा एकतर्फ पहिरो हटाएर पनि आवगमन खुला गरिन्छ। एकातर्फ वा आशिंकरूपमा सञ्चालनमा रहेका सडक मौसमले साथ दिनासाथ खुलाइने उहाँको भनाइ छ। उहाँले भन्नुभयो, “सकिन्छ भने दुईतर्फ र नसकिएका ठाउँमा मात्रै खुलाइन्छ।”

विगतका वर्षभन्दा पहिले नै वर्षा शुरु भएकाले सडक बढी अवरुद्ध भएको विभागले जनाएको छ। यो वर्ष साउनको शुरुबाट अहिलेसम्म दैनिक वर्षा भइरहेको छ। भदौको १५ गतेसम्म वर्षा हुने भएकाले अझै कति क्षति हुन्छ भन्ने यकिन छैन।

# दशैं अगाडि त्रिविका सबै परीक्षा

काठमाडौँ, ८ साउन (रासस)।

त्रिभुवन विश्वविद्यालय (त्रिवि) ले बन्दाबन्दी खुलेसँगै रोकिएका परीक्षा सञ्चालन गर्ने तयारी थालेको छ। बन्दाबन्दी खुलेसँगै सेमेष्टर र वार्षिक प्रणालीका परीक्षा सञ्चालन गर्ने तयारी गरिएको त्रिवि परीक्षा नियन्त्रण कार्यालयका (पनिका) परीक्षा नियन्त्रक पुष्पराज जोशीले बताउनुभयो।

“हामीले सेमेष्टरको परीक्षाका बारेमा खुला पुस्तक हेरेर लेख्न सकिने, अनलाइन परीक्षा लिनेबारे सोच बनाएका थियौँ”, उहाँले भन्नुभयो, “तर त्यो सम्भव नहुने भएपछि परीक्षा नै लिने निर्णयमा पुगेका छौँ।” यसअघि सेमेष्टर प्रणालीअन्तर्गतका परीक्षा बारेमा निर्णय गर्न त्रिविका शिक्षाध्यक्ष प्राडा शिवलाल भुसालको संयोजकत्वमा कार्यदल गठन गरेर परीक्षा नलिने तयारी गरेको बनाएपनि सेमेष्टरको परीक्षा लिने भएको हो। उहाँले दशैँ अगाडि रोकिएका नै सेमेष्टर र वार्षिक परीक्षा गर्ने तयारी गरिएको जानकारी दिनुभयो।

त्रिविले चाँडै नै परीक्षाका बारेमा सूचना प्रकाशित गर्ने तयारी गरेको छ। यसपटक विद्यार्थीलाई पायकपर्ने नजिकका क्याम्पसमा परीक्षा केन्द्र राखिने छ। “पहिले हामीले १२-१३ किलोमिटरभित्रमा परीक्षा केन्द्र राख्ने गरेका थियौँ”, उहाँले भन्नुभयो, “यसपटक भने विद्यार्थीलाई पायक पर्ने नजिकका क्याम्पसमा परीक्षा केन्द्र राख्ने छौँ।” त्रिविले गत चैत ७ गतेदेखि कोभिड-१९ को कारणले सेमेष्टर तथा वार्षिक सबै परीक्षा स्थगन गरेको थियो। स्नातकोत्तर तहको प्रथम, स्नातक तह दोस्रो र विभिन्न तहका सेमेष्टर प्रणालीका परीक्षा रोकिएका छन्।

यसैगरी पनिकाले बन्दाबन्दीका कारणले रोकिएका परीक्षाफल धमाधम गरिरहेको छ। पनिकाले गत वैशाख २० गतेदेखि कार्यालयका कर्मचारीलाई ल्याएर परीक्षाफल प्रकाशित गरिएको छ। उहाँका अनुसार स्नातकोत्तर तहका १२ विषय, कानून सङ्काय, मानविकी र व्यवस्थापनको स्नातक तहको प्रथम वर्षको परीक्षाफल प्रकाशन गर्न बाँकी रहेको छ। पनिकाले सबै परीक्षाफल प्रकाशित गरेर परीक्षा गर्ने र ती परीक्षाको पनि तीन महिनाभित्र प्रकाशन गर्ने तयारी गरेको परीक्षा नियन्त्रक जोशीले जानकारी दिनुभयो। उहाँले वार्षिक क्यालेन्डर मिलाउने गरी परीक्षा र परीक्षाफल प्रकाशन गरिने तयारी गरिएको बताउनुभयो।


## कोरोना भाइरस उपचार कोषमा रकम जम्मा गर्न आह्वान गरिएको सूचना

विश्वब्यापी महामारीको रुपमा फैलिएको कोरोना भाइरस (कोभिड १९) रोगको संक्रमणलाई फैलिन नदिन तथा सोको रोकथाम एवं नियन्त्रणका लागि देहायको बैंकमा “कोरोना भाइरस संक्रमण रोकथाम, नियन्त्रण तथा उपचार कोष” खाता खोलिएको हुँदा इच्छुक ब्यक्ति तथा संघ-संस्थाहरूले सो खातामा रकम जम्मा गरी सहयोग गरिदिन हुन आह्वान गरिएको ब्यहोरा सम्बन्धित सबैको जानकारीका लागि अनुरोध छ।

बैंकको नाम : राष्ट्रिय बाणिज्य बैंक
शाखा : सिंहदरबार परिसर
खाताको नाम : कोरोना भाइरस संक्रमणको रोकथाम, नियन्त्रण तथा उपचार कोष
खाना नं.: १९६००००११०१

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग


## विश्व समाचार

### विश्वमा कोरोना भाइरस सक्रमितको संख्या एक करोड ५३ लाख नाघ्यो

जेनेभा, स्वीट्जरल्याण्ड, ८ साउन (रासस/एएफपी)।

विश्वमा बिहीबारसम्म एक करोड ५३ लाख ८२ हजार ४६९ जना व्यक्ति कोरोना भाइरस सङ्क्रमित भएका छन्। कोरोना भाइरस सङ्क्रमणको कारण विश्वभरी छ लाख ३० हजार ३६९ व्यक्तिको मृत्यु भएको विश्व स्वास्थ्य संगठन (डब्लुएचओ)ले बिहीबार जानकारी दिएको छ।

सङ्क्रमितमध्ये हालसम्म ९३ लाख ५६ हजार ३५४ व्यक्ति कोरोना मुक्त भएका छन्। विश्वभरमा ५३ लाख ९५ हजार ७४६ व्यक्ति कोरोना भाइरस सङ्क्रमित रहेका उनीहरुको उपचार भइरहेको छ। सङ्क्रमितमध्ये ६६ हजार २१५ जनाको अवस्था गम्भीर रहेको जनाइएको छ। चीनको हुबे प्रान्तको वुहान शहरबाट गत वर्षको डिसेम्बरको अन्त्यबाट शुरु भएको कोरोना भाइरस सङ्क्रमणको कारण अमेरिका सबैभन्दा बढी प्रभावित भएको छ।

डब्लुएचओकाअनुसार संयुक्त राज्य अमेरिकामा मात्र ४१ लाख एक हजार जनामा कोरोना भाइरसका सङ्क्रमित रहेका छन्। यस प्रकोपका कारण अमेरिकामा एक लाख ४६ हजार १८५ व्यक्तिको मृत्यु भइसकेको बताइएको छ।

दक्षिण अमेरिकामा ३४ लाख ६३ हजार २४६ जना कोरोना भाइरस सङ्क्रमति रहेका छन्। यहाँ एक लाख २७ हजार ४७ जनाको मृत्यु भएको छ। उत्तर अमेरिकामा ४८ लाख पाँच हजार ८५९ जना कोरोना भाइरस सङ्क्रमति रहेका छन्। यहाँ दुई लाख एक हजार ९०७ जनाको मृत्यु भएको छ।

युरोपमा २७ लाख १७ हजार ९५० जना कोरोना भाइरस सङ्क्रमित रहेका छन् भने दुई लाख १५४ को मृत्यु भएको छ। एसिया ३६ लाख छ हजार ३६ जनामा कोरोना भाइरस सङ्क्रमण रहेको छ भने ८४ हजार ६०४ जनाको मृत्यु भएको छ।

अफ्रिकामा सात लाख ७३ हजार ६५९ जनामा कोरोना भाइरस सङ्क्रमण रहेको छ भने १६ हजार ४८७ जनाको मृत्यु भएको छ। ओसियानामा १४ हजार ९९८ जनामा कोरोना भाइरस सङ्क्रमण रहेको छ भने १५५ जनाको मृत्यु भएको छ।

### अमेरिकी नागरिकलाई मास्क लगाउन निर्देशन

वासिङ्टन, ८ साउन (रासस/सिन्ह्वा)।

अमेरिकी सरकारले आफ्ना नागरिकलाई घर बाहिर निस्किँदा अनिवार्यरुपमा मास्क लगाउन निर्देशन दिएको छ।

न्युयोर्कका मेयर मुरेल बोसरले बुधबार एक कार्यकारी आदेश जारी गर्दै न्युयोर्कका बासिन्दादाई घरबाट बाहिर निस्किँदा मास्क लगाउन भन्नुभएको हो।

यसअघि पनि अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले आफ्ना नागरिकलाई अनिवार्य मास्क प्रयोग गर्ने आदेश दिन नसक्ने बताउनुएको थियो।

अमेरिकाका सङ्क्रामक रोग विशेषज्ञले अमेरिकी राज्य र स्थानीय सरकारका नेतासमक्ष नागरिकलाई मास्क प्रयोग गर्नुपर्ने आदेश दिन माग गरेका थिए। उनीहरुको यो प्रयासपछि न्युयोर्कका मेयरको यो आदेश आएको बताइएको छ।

मेयर बोसरले बुधबार एक प्रेस सम्मेलनमा भन्नभुयो, खासमा कुरा के हो यो भने हामीले नागरिकलाई भनेका छौँ कि यदि तपाईं घरबाहिर निस्किँदै हुनुहुन्छ भने अनिवार्यरुपमा मास्क लगाएर निकिस्कनुहोस भनेर हामीले अनुरोध गरेका हौँ।

कोरोना भाइरसको सङ्क्रमण रोकथामका लागि सामाजिक दूरीको पालना र मास्कको प्रयोगमा न्युयोर्कका मेयरले जोड दिदै आउनुभएको छ। अमेरिकामा मास्क प्रयोग गर्ने विषय शुरुदेखि नै एक प्रकारको राजनीतिक मुद्दा बनेको छ। मास्क प्रयोग र सामाजिक दूरी कायम गर्नुपर्ने कुरामा त्यहाँ विभाजन देखिदै आएको छ।

समाचारमा भनिएको छ मास्क प्रयोगका विषयमा अमेरिकामा मतको विभाजन देखिएको भए पनि विश्वका अधिकांश स्वास्थ्य विज्ञले भने कोरोना भाइरसको रोकथाममा मास्कको प्रयोग र सामाजिक दूरीको पालना प्रभावकारी हुने सुझाव दिइ आएका छन्।

अमेरिकामा कोरोनाबाट विश्वका अरु देशभन्दा सबैभन्दा बढी मानिस प्रभावित भएका छन्। हाल अमेरिकामा मात्र ४१ लाखभन्दा बढी कोरोना भाइरसका सङ्क्रमित रहेका छन्। यस प्रकोपका कारण अमेरिकामा एक लाख ४६ हजारभन्दा बढी व्यक्तिको मृत्यु भइसकेको बताइएको छ।

### भारतमा एकै दिनमा ४५ हजारभन्दा बढी कोरोना भाइरस संक्रमित

नयाँ दिल्ली, ८ साउन (रासस/एएनआई)।

भारतमा सरकारी अधिकारीले बिहीबार दिएको जानकारीअनुसार पछिल्लो २४ घण्टामा ४५ हजार ७२० जना कोरोना भाइरस सङ्क्रमित थपिएका छन्।

योसँगै भारतमा अहिलेसम्म कोरोनाभाइरसबाट सङ्क्रमित भएकाको संख्या १२ लाख ३८ हजार ६३५ पुगेको अधिकारीले जनाएका छन्।

कोरोना भाइरस सङ्क्रमणको कारण एकैदिनमा एक हजार १२९ जनाको मृत्यु भएको केन्द्रिय स्वास्थ्य तथा परिवार कल्याण मन्त्रालयले जनाएको छ। त्यसैसँगै भारतमा कोरोनाकै कारण मृत्यु भएकाको संख्या अहिलेसम्म २९ हजार ८६१ पुगेको अधिकारीले जानकारी दिएका छन्।

भारतमा अहिले पनि चार लाख २६ हजार १६७ जना सङ्क्रमित अवस्थामै रहेका छन् भने सात लाख ८२ हजार ६०६ जना सङ्क्रमणमुक्त भएका छन्।

कोरोनाबाट भारतमा सवैभन्दा धेरै प्रभावित भएको महाराष्ट्र राज्यमा तीन लाख ३७ हजार ६०७ जना सङ्क्रमित भएका छन्।

त्यसपछि तमिलनाडुमा एक लाख ८६ हजार ४९२ सङ्क्रमित रहेका छन्। राजधानीसमेत रहेको दिल्ली प्रदेशमा एक लाख २६ हजार ३२३ कोरोना भाइरस सङ्क्रमित रहेका छन्। त्यसपछि आन्ध्र प्रदेश, कर्नाटका र तेलङ्गानामा कोरोना भाइरस सङ्क्रमित अरु राज्यको तुलनामा बढी नै रहेको छ।

# निजी विद्यालयमा अनलाइन कक्षा पुनः सञ्चालन

काठमाडौँ, ८ साउन (रासस)।

सरकारसँगको वार्ता सकारात्मक भएपछि निजी लगानीका विद्यालयले आफूले स्थगन गरेका अनलाइन पढाइ बिहीबारदेखि पुनः सञ्चालन गरेका छन्। सरकारले आफूहरूलाई सहुलियत ऋण नदिएको र शुल्क उठाउन पनि कठिनाइ हुँदा शिक्षकको तलब सुविधा दिन नसकिएकाले गत असार ३१ गते निजी तथा आवासीय विद्यालयका छाता संस्थाले विज्ञप्ति जारी गरी शिक्षकलाई बेतलबी बिदा दिई यही साउन १ गतेदेखि अनलाइन कक्षा स्थगन गराएका थिए।

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले विद्यालय पुनः सञ्चालनको कार्यविधि तयारीसहित सरोकार पक्षसँग बुधबार छलफल गरेपछि निजी तथा आवासीय विद्यालय अर्गनाइजेशन नेपाल (प्याब्सन), राष्ट्रिय निजी तथा आवासीय विद्यालय एशोसिएसन (एनप्याब्सन), नेपाल शिक्षक महासङ्घ, संस्थागत विद्यालय शिक्षक युनियन र अभिभावक महासङ्घसँग परामर्श गरेको थियो।

शिक्षक र अभिभावकले पनि निजी विद्यालयलयलाई अनलाइन कक्षा नरोक्न दबाब दिएका थिए। सरकारले जारी गरेको वैकल्पिक प्रणालीको सिकाइ सहजीकरण निर्देशिका, २०७७ को कार्यान्वयनका लागि गत असार १ गतेदेखि सबै विद्यालयमा वैकल्पिक प्रणालीबाट पढाइ भइरहेको छ। कोरोना महामारीका कारण रोकिएको विद्यालयको पठनपाठन आगामी भदौ १ देखि भर्ना र परीक्षा सञ्चालन गर्न नेपाल सरकारले निर्णय गरिसकेको छ। त्रिभुवन विश्वविद्यालयले पनि आफ्ना क्याम्पस खोल्न थालेको छ।

### *सशस्त्र प्रहरी ...*

यादवलाई पक्राउ गरेको प्रदेश २ प्रहरी कार्यालय जनकपुरले जनाएको छ।

घटना विवरण अनुसार सिरहा नगरपालिका ३ मखनाहा बस्ने विन्दी यादवकी छोरीको विवाहमा भएको समान्य विवादको क्रममा पक्राउ परेकाहरुले प्रहरी जवान यादवलाई चोर चोर भनि झण्डै ३ किलोमिटरसम्म लखेटी नहरमा डुवाई मारेको जनाइएको छ। यताघटना बारे प्रहरीले थप अनुसन्धान गरिरहेको जनाएको छ।

# बीस लाख नगदसहित एक पक्राउ

**दैनिक समाचारदाता**
**सिरहा, ८ साउन।**

सशस्त्र प्रहरीले सिरहाका नगरपालिका १९ सोहरूवाबाट एक व्यक्तिलाई २० लाख नगदसहित पक्राउ गरेको छ।

सीमा सुरक्षा बल लगदीगदियानीबाट खटिएको टोलीले उक्त रकमसहित जिल्लाको अर्नमा गाउँपालिका ४ लक्ष्मीपुर निवासी ३७ वर्षीय सुकदेव ठाकुरलाई पक्राउ गरेको हो।

भारततर्फबाट आउँदै गरेका ठाकुरलाई शंका लागेर चेकजाँच गर्दा सो रकम भेटिएपछि नियन्त्रणमा लिइएको सशस्त्र प्रहरी बल नम्बर ७ गण सिरहाका प्रहरी उपरीक्षक प्रवीण कँडेलले जानकारी दिएका छन्।

यता पक्राउ परेका ठाकुरलाई आवश्यक कारवाहीको लागि जिल्ला प्रहरी कार्यालयमा बुझाइएको जनाइएको छ।

# सबै जिल्लामा कृषि, भेटेनरी अस्पताल र पशु सेवा केन्द्र स्थापना हुने

**दैनिक समाचारदाता**
**राजविराज, ८ साउन।**

प्रदेश २ सरकारले प्रदेशको सबै आठवटै जिल्लामा कृषि ज्ञान केन्द्र र भेटेनरी अस्पताल तथा पशु सेवाविज्ञ केन्द्र स्थापना गर्ने भएको छ।

हाल कृषि ज्ञान केन्द्र नरहेका सिरहा र महोत्तरी तथा भेटेनरी अस्पताल तथा पशु सेवाविज्ञ केन्द्र नरहेका सप्तरी र बारामा थप कार्यालय स्थापना गर्ने निर्णय भएको प्रदेश २ का भूमि व्यवस्था तथा कृषि सहकारीमन्त्री शैलेन्द्रप्रसाद साहले जानकारी दिएका छन्।

नयाँ स्थापना हुने कृषि ज्ञान केन्द्र खारेजीमा परेका साविकका कृषि विकास कार्यालयको भवनमा तथा भेटेनरी अस्पताल तथा पशु सेवाविज्ञ केन्द्र जिल्लामा खारेजीमा परेको साविक जिल्ला पशु कार्यालयको भवनमा कार्यालय स्थापना गरिने उने बताए।

# सूचना

**नोभल कोरोना भाईरस (कोभिड(१९) रोगको संक्रमणबाट बच्न अत्यावश्यक कामबाहेक सीमावर्ती क्षेत्रमा आवतजावत नगर्नु हुन सम्पूर्ण नेपाली नागरिकहरूलाई सूचित गरिन्छ।**

**नेपाल सरकार**
**सञ्चार तथा सूचना प्रविधि मन्त्रालय**
**सूचना तथा प्रसारण विभाग**

# हमरा सभकऽ जिम्मेवारी : कोरोना भाइरस संक्रमण रोकेय लेल अपनाबु होशीयारी

- कोराना भाइरस रोग स्वाँस प्रश्वाँस माध्यमसँ फैलऽवाला संक्रमण अछि।
- संक्रमित भेल ब्यक्तिसँ खोकला आऽ छिँकलासँ निकलैवाला थुक आऽ पोटाकऽ माध्यमसँ यी भाइरस एक ब्यक्ती सँ दोसर ब्यक्तिमे फैलइ अछि।

**यी रोगसँ बचबाक लेल की करैय परतई ?**

- खोकैत आऽ छिँकैत काल नाक, मुख झापु आऽ प्रयोग क्यालगेल टिसूपेपरकऽ तुरन्त कुडा फेकेवाला कुडादानीमे फेकू।
- समय-समयमे साबुन पाइनसँ निकसँ मैलमैलकऽ २० सेकेण्डधरि हात धोबु। आऽ सनिटाइजर हातमे लगाबु। ककरोसँ भेटैछी त हात नहिं मिलाबु। खाली नमस्कार आऽ प्रणाम केल करू।
- खोकी लागल आदमीसँ दुरी बनाकऽ रहु। आऽ अगर अपनहूके खोकी लागल अछि त दोसर आदमीसँ दुर रहु। भीडभाडमे नहिं जाउ आऽ दोसरो लोग सभके भीडभाडमे नहिं जाउ से कहिके बुझाबु।
- आवश्यकता पडलापर मास्कके उचीत प्रयोग करू।

**आरो ध्यान देववाला बात :**

- बुखार लगलापड, खोकी भेलापड आऽ साँस लेलापर दिकत भेलापर जल्दिसँ लगके स्वास्थ्य संस्थामे सम्पर्क करू।
- कोरोना भाइरस रोगके बारेमे बेसी जानकारीके लेल पैसा नहिं लागैवाला टेलीफोन नम्बर १११५ मे फोन कऽ सकैछी।
- डेराऊ नहिं, सतर्क रहू।

**आनुरोधकर्ता – प्रेम कुमार यादव**
**अध्यक्ष**
**राजविराज नगरपालिका वडा नं. ६**

# सूचना

**हाल कोरोना भाइरस महामारीको कारण बन्दाबन्दीको समयमा सञ्चारक्षेत्रमा संलग्न बाहेकका ब्यक्तिहरूले सञ्चार क्षेत्रको हवाला दिँदै सञ्चारमाध्यम तथा सामाजिक सञ्जालमा अफवाहपूर्ण विषय सम्प्रेषण गर्ने, अनधिकृत रूपमा परिचय-पत्र, पोशाक सवारी साधनको प्रयोग गर्ने र सामाजिक मर्यादा विपरितका क्रियाकलाप गरेको गुनासो आएको हुँदा कोहि कसैले पनि गैर कानूनी क्रियाकलाप नगर्नु हुन अनुरोध छ। यदि यस्तो भएको पाईएमा कानूनबमोजिम कारबाही हुने ब्यहोरा सूचित गरिन्छ।**

**नेपाल सरकार**
**सञ्चार तथा सूचना प्रविधि मन्त्रालय**
**सूचना तथा प्रसारण विभाग**

देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस्।
हाम्रो सेवाहरु
ipay remit
CITY EXPRESS MONEY TRANSFER
Best Remit Quick & Easy
PRABHU Money Transfer
IME International Money Express
himal remit हिमालरेमिट
CG Money
**नेपाल सहकारी संस्था लि.**
राजविराज ४, फोन नं. ०३१-५२१०९६

**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर,
**मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५२०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेवसाइट** : *rajbirajdainik.com.np*